म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २२१ आइतार, ६ चैत २०७८ द्वितीया ने. सं. ११४२ चिल्लागा 20 March, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

प्रो: हिरालाल श्रेष्ठ ९८६५०१२५८८, ९८४५८८३५३३, ०५७-५२५८६३

**विशेष छुट ! विशेष छुट !! विशेष छुट !!!**

विशेषज्ञ डाक्टरहरुद्वारा नि:शुल्क चेकअप गर्नुहोला ।

**हाम्रो सेवाहरू:**

- डाक्टर सेवा: नि:शुल्क
- ल्याब टेष्टमा १५% छुट
- औषधीमा १०% छुट

यही मिति २०७८ चैत २३ गते संचालन हुदैछ ।

त्यसैले आजनै सम्पर्क गरौं ।

**देउराली फर्मा**

# अझै भत्किएनन् शहरका 'छाउकोठा'

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ पहिलो पटक महिनावारी हुँदा हेटौंडा उपमहानगरपालिका-१२ की १४ वर्षीया सविनाले घर नै छाड्नुपर्छ भन्ने कुरा कल्पना गरेकी थिइनन् । घरमा आमा र दिदीहरुबाट महिनावारीबारे केही कुरा सुनेकी त थिइन् तर, यो प्राकृतिक प्रकृया सुरु हुँदा उनले घर नै छाड्नुपर्‍यो ।

पूर्वकिशोरावस्थामा बालसुलभता हटिसकेकै हुँदैन । त्यसैले घरकी कान्छी छोरी सविना बुवा र भाइसँग नजिकिन्छिन् । कोरानाले स्कूल बन्द भएको बेलादेखि उनको दैनिकी भाइसँग खेलेर र घरको काम गरेरै बित्दै आएको थियो । महिनावारी भएपछि भने उनी भाइसँग मात्रै होइन, घरबाटै टाढा भइन् । घर र आमा छोडेर एकदिन पनि कतै नगएकी उनले महिनावारी भएपछि अर्काको घरमा गएर लुक्नुपर्‍यो । पहिलोपटक महिनावारी भएपछि आफ्नै बुवा र भाइसँग लुक्न ५ दिनसम्म सविना अर्काको घरमा बसिन् । उनी बसेको घर उनको आफ्नो घरबाट टाढा थिएन । तर, नजिक भएपनि उनलाई आफ्नै घर नजिक लागेन । हेटौंडा-७ की श्रीजनालाई जुन घरमा लुक्न पठाइएको थियो, त्यहाँ एकजना पुरुष आफ्नो छोरासँग बस्थे । दिन कटाउन भने उनलाई निकै मुस्किल थियो । परम्परागत सोचमा परिवर्तन आउन नसक्दा विकसित भनिएका हेटौंडाजस्ता विभिन्न सहरमा अदृश्यरुपमा छाउप्रथाले निरन्तरता पाइरहेको छ ।

'पहिलो पटक महिनावारी हुँदा घरमा बस्नु हुँदैन, अर्काको घरमा लुक्न जाऊ भनेर आमाले कहिल्यै भनेनन् । न त घाम नै हेर्नु हुँदैन भने', श्रीजनाले सुनाइन् । आमाले नै उनलाई यी सबैकुरा गर्न सिकाइरहेकी थिइन् । 'घरि बेस्सरी पेट दुख्थ्यो, घरि हराउँथ्यो । पेट दुख्दा एउटा कुनामा एक्लै सुतिरहनुपर्थ्यो', उनले भनिन् । उनलाई सबैभन्दा धेरै दु:ख त त्यतिबेला लाग्यो, जब उनले महिनावारी भएको बेलामा छोएको तरकारी तथा फलफूल कुहिन्छ भनेको सुनिन् । 'स्कूलमा पनि मैले महिनावारीको बारेमा पढेको थिएँ । तर, महिनावारी हुँदा छोएको तरकारी तथा फलफूलको बोट नै कुहिन्छ भन्ने कुरा कुनै किताबमा पढेकी थिइँन', श्रीजनाले भनिन् । हेटौंडा-११ की ममताको पनि उस्तै अनुभव छ । उनी पनि भर्खरै मात्रै पहिलोपटक महिनावारी भएकी हुन् । ममताले पनि महिनावारी हुँदा आफ्नो घरमा बस्न पाइनन् । उनले पनि घरमा भएका पुरुषलाई अनुहार देखाउन नहुने भन्दै १० दिनसम्म आफन्तको घरमा लुक्न जानुपरेको सुनाइन् । सविना, श्रीजना र ममता प्रतिनिधि पात्र मात्रै हुन् । परम्परागत सोचमा परिवर्तन आउन नसक्दा विकसित भनिएका हेटौंडाजस्ता विभिन्न सहरमा अदृश्यरुपमा छाउप्रथाले निरन्तरता पाइरहेको छ । महिनावारी हुने कुरालाई सामान्य रुपमा लिएर छाउप्रथालाई महिला आफैंले छोड्न सकिरहेका छैनन् ।

विभिन्न विकट गाउँमा रहेको छाउगोठ भत्काउन वर्षेनि अभियान सञ्चालन गरिन्छ । तर, शहरमै रहेको यस्ता छाउकोठा भत्काउन भने हालसम्म कुनै पहल भएको छैन । प्रत्येकपटक महिनावारी हुँदा ५ दिनसम्म घरमा छुट्टै बस्नुपर्ने बाध्यता त छँदैछ, झन् पहिलोपटक महिनावारी हुँदा अर्काको घरमा गएर लुक्नुपर्ने प्रचलनले विकट गाउँतिर भत्किँदै आएको छाउगोठ प्रथालाई सहरले निरन्तरता दिइरहेको छ ।

हेटौंडा उपमहानगरकी उपप्रमुख मिनाकुमारी लामाले हेटौंडामा छाउगोठको पूर्णरुपमा उन्मुलन नभएपनि विगतमा भन्दा कमी भएको बताइन् । छाउगोठमा बस्ने चलन क्रमिकरुपमा घट्दै गएपनि जनचेतनाका कार्यक्रमले असर गरेको उनको भनाइ छ । 'छाउगोठमा बस्ने क्रम ठ्प्पै रोक्न सजिलो छैन् । यसका लागि मानिसमा जनचेतना हुनुपर्छ । उपमहानगरले सचेतनाका कार्यक्रम गरेपनि पूर्णरुपमा यसको अन्त्य भने हुन सकेको छैन् । जनचेतनालाई निरन्तरता दिइरहनुपर्छ नियन्त्रणमा आउँछ', लामाले भनिन् । उनले वर्तमान समयमा सहरतिर गाउँमा जस्तो गोठमा नै बस्नुपर्ने बाध्यता नभएपनि छाउगोठको स्वरुप परिवर्तन भएर छाउकोठा बनेको बताइन् । सुदूरपश्चिम र कर्णाली प्रदेश क्षेत्रमा महिनावारी भएका बेला छाउगोठमा बस्नु डरलाग्दो हुन्छ । छाउगोठमै निस्सासिएर, सर्पले टोकेर, जाडोले कठ्यांग्रिएर वा बिरामी भएर मृत्यु भएका घटना धेरै छन् । मकवानपुरमा सुदूरपश्चिम र कर्णालीको जस्तो छाउगोठमा नपठाए पनि आफन्तका घरमा पठाइन्छ । त्यसैले मकवानपुरमा विकट गाउँको जस्तो छाउगोठमा बस्नुपर्ने बाध्यता नभएपनि पहिलोपटक महिनावारी हुँदा कोठामा लुक्नुपर्ने, महिनावारी हुँदा प्रत्येक महिना ५ दिनसम्म अलग्गै बस्नुपर्नेले छाउगोठको रुपान्तरित स्वरुप अर्थात् छाउकोठाको रुप लिइरहेको छ ।

कतिपय अवस्थामा छाउकोठालाई वर्तमान समयमा शिक्षित महिलाहरुले नै प्रश्रय दिइरहेको पाउन सकिन्छ । मकवानपुरमा छाउगोठ बस्दा मानवीय क्षति नभए पनि मानसिक रुपमा असर पुग्ने चिकित्सकहरु बताउँछन् । मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १६८ (३) अनुसार महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउ पडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु कानुन विपरित हुन्छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

**शुभारम्भ**

YADEA e-SCOOTERS






Offer रू.१०,०००।- नगद छुट

**YADEA e-SCOOTER का विशेषताहरु:**

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)


प्रो. सबी भण्डारी ९८५५०६७४६०

**घडेरी बिक्रीमा**

**जिल्ला : मकवानपुर**

**हेटौडा उपमहा नगरपालिका**

**वडा नं. १**




सम्पर्क नं.: ९८४५१०३६६३

९८११८९५४६२, ९८५५०७३६६९ हेटौडा-५

साझाकुरा

## हाम्रो कुरा

### लागू औषध गाँजा अफिम खेती नष्ट प्रकरण

# उपलब्धिहीन अभियान

कानूनले बञ्चित गरिएका काम गरिए अपराध हुन्छ । अपराध गरेमा कानूनले तोकेअनुसार सजाय भोग्नुपर्ने हुन्छ । एकपटक अपराध गरेपछि कानूनले तोकेअनुसार सजाय भोग्नुपर्ने बाध्यता परेपछि मानिसहरुले दोहोऱ्याएर अपराध गर्ने आँट र साहस गर्दैनन् भन्ने मान्यता राखिन्छ । तर, घरिघरि अपराध गरिरहने र पनि दोहोऱ्याइरहने भन्ने कमै अवस्थामा पाइन्छ । तर, मकवानपुर जिल्लाको विकट गाउँपालिकाहरुमा हुने गरेको अवैध लागूऔषध गाँजा तथा अफिम खेतीको विषयमा भने फरक खालको अवस्था पाइएको छ । गाउँलेले अवैध भनिएको गाँजा र अफिम खेती गरिरहन्छन् । प्रहरीले बेलाबेलामा गएर ती गाँजा र अफिम खेतीलाई नष्ट गर्दै आएको छ । हरेक वर्ष गाँजा र अफिमको ब्याड र बयश्क बिरुवा फँडानी गरेर आगो लगाएर नष्ट पनि गरिरहेको छ । ओसारपसार र बिक्री वितरणमा संलग्न भएका सयौंलाई जेल चलान पनि गरिरहेको छ । उनीहरुले जेलमा नारकीय जीवन बिताइरहेका पनि छन् । तैपनि हरेक वर्ष गाँजा र अफिम खेती हुन छाडेको छैन ।

प्रहरीले तीन वर्षयता मकवानपुर जिल्लामा तीनसय ३४ विगाह १६ कट्ठा क्षेत्रफलमा लगाइएको अफिम खेती नष्ट गरेको छ । सरकारले अवैध लागूऔषध खेती नियन्त्रणमा पहल गरिरहेता पनि जिल्लाको राक्सिराङ्ग, कैलाश र बकैया गाउँपालिकाका क्षेत्रहरुमा पछिल्लो समय अफिम खेती फस्टाइरहेको खबरले सरकारले लागूऔषध खेती नियन्त्रण अभियानमा खर्चिएको करोडौं बजेट निरर्थक भएको भान हुन्छ । हरेक वर्ष गाँजा र अफिम नष्ट गरेको समाचार पढ्न पाइन्छ । धेरै ठूलो क्षेत्रफलमा लागूऔषध नष्ट गरेको समाचार आइरहँदा वास्तविक दोषी पक्राउ परेको र कारबाही भएको समाचार भने कमै सुन्न र पढ्न पाइन्छ ।

सरकारले अवैध लागूऔषध खेती नियन्त्रणमा अभियान सञ्चालन गरिरहने तर, त्यसको मात्रा न्यूनीकरण नहुनुले 'काग गराउँदैछ, पिना सुक्दैछ' भन्ने उखान चरितार्थ भएको अनुभव सहजै गर्न सकिन्छ । सरकारले अवैध लागूऔषध खेती नष्ट अभियान सञ्चालन गरेसंगै आगामी वर्षदेखि खेती नगर्ने वातावरण बनाउन सक्नु महत्वपूर्ण हुन्छ । लागू औषध खेतीको सट्टा अन्य आयआर्जनका उपायहरु किसानलाई दिनुपर्छ । किसानले उत्पादन गरेका कृषिउपजको सहज बजार बनाउन सक्नुपर्छ र गाँजा, अफिम खेतीको विकल्पमा अन्य कृषि उत्पादन बढाउन सरकारले लगानी नबढाउने हो भने यो अभियान उपलब्धिहीन हुने पक्का छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत ७ गते सोमबार २१ मार्च २०२२ । फागुन शुक्ल तृतीया । चिल्लाथ्व पुन्हि ११४२ । सूर्योदय ६:१० र सूर्यास्त ४:१३ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा ढिलाइ | तुला | : आफन्तबाट सहयोग |
| वृष | : ऋण र शत्रु वृद्धि | वृश्चिक | : शत्रुबाट बाधा सृजना |
| मिथुन | : शैक्षिक कार्यमा सफलता | धनु | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| कर्कट | : परिवारमा विवाद | मकर | : रोकिएका काम बन्नेछ |
| सिंह | : खिन्नता रहने | कुम्भ | : व्यापारमा विशेष फाइदा हुनेछ |
| कन्या | : शैक्षिक कार्यमा सफलता | मीन | : शत्रु सजिलै हराउन सकिनेछ |

# युक्रेन संकटमा नेपालको 'अ'संलग्नताको चिरफार



विक्रम तिमिल्सिना

> *रूसले युक्रेनको सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि गरेको आक्रमणको विरोध गर्नु असंलग्न हुनु हो। चुप बस्नु त निष्क्रिय तटस्थता हो, असंलग्नता हुनु हैन। अप्रत्यक्ष संलग्नता हो।*

२४ फेब्रुअरी २०२२ मा रूसले युक्रेनमाथि सैन्य आक्रमण गऱ्यो, जसलाई दोस्रो विश्वयुद्धपछिको सबभन्दा ठूलो यूरोपेली द्वन्द्वको रूपमा लिएको छ। नेपालले रूसी आक्रमणको विरोधमा त्यसै दिन विज्ञप्ति निकाल्यो। यसलगत्तै नेपालका एकथरी राजनीतिज्ञ तथा विज्ञहरूले भने, नेपाल अनावश्यक रूपमा हतारियो। उनीहरूले थपे, नेपालले आफना ठूला छिमेकी समेत नबोलेको विषयमा बोलेर कूटनैतिक अपरिपक्वता देखायो। भर्खरै एमसीसी अनुमोदन गरेको नेपाल अब स्पष्ट रूपमा अमेरिकी कित्तामा गयो पनि भनियो। त्यो कित्तामा उभिने धेरैको एउटै मत थियो कि रूसको विपक्षमा उभिएर नेपालले असंलग्न आन्दोलनको सिद्धान्त त्याग्यो, जुन सिद्दान्तअनुसार परराष्ट्र सम्बन्ध कायम राख्ने भनेर नेपालले आफ्नो संविधानमै उल्लेख गरेको छ। अझ मार्च २ मा संयुक्त राष्ट्रसंघ महासभामा नेपालले रूसी आक्रमण विरुद्धको प्रस्तावको पक्षमा मतदान गरेपछि नेपाल असंलग्नताको सिद्धान्त विपरित गएको विश्लेषण अझै सुनियो।

त्यसैले गम्भीर प्रश्न उठेका छन्, के नेपाल असंलग्नताको सिद्धान्त विपरित गएकै हो त ? के नेपालले आफ्नो संविधान विपरित हुने गरी नै संलग्नता देखाएको हो ? के नेपालले रूसले युक्रेनमा गरेको आक्रमणको निन्दा गर्नु नेपालको परराष्ट्र नीति असफलताको सुरुवात हो ? यी प्रश्नहरूको निराकरण गर्न सुरुमा छोटकरीमा असंलग्नता आन्दोलनको अर्थ र इतिहास केलाऊँ, अनि त्यसैको आलोकमा रूसी आक्रमणबारे नेपालको कदमको विवेचना गरौंला।

### *असंलग्नताको इतिहास, वर्तमान, अर्थ र औचित्य*

असंलग्न राष्ट्र भन्नाले सन् १९६१ मा स्थापित असंलग्न राष्ट्रहरूको आन्दोलनको सदस्य राष्ट्र बुझिन्छ, जसमा अहिले १२० सदस्य रहेका छन्। अहिलेको सन्दर्भमा सैद्धान्तिक रूपमा असंलग्न राष्ट्र भनेको कुनै विश्व शक्ति या उसको सैन्य गठबन्धनको पक्ष या विपक्षमा औपचारिक रूपमा नलागेको राष्ट्र हो। यस आन्दोलनको अन्दोजी नाम 'ननअलाइन्ड मूभमेन्ट' हो र नेपालीमा यसलाई असंलग्न आन्दोलन या अभियान भन्न सकिन्छ। संयुक्त राष्ट्रसंघपछि सबभन्दा ठूलो विश्वव्यापी संगठनको रूपमा रहेको यस आन्दोलनको संस्थापक सदस्य हो नेपाल। असंलग्न राष्ट्रहरू मूलत: कुनै सैन्य गठबन्धनमा सामेल नहुने र सबै राष्ट्रको स्वतन्त्रता र सार्वभौमिकताको लागि अभियान गर्न सहमत हुने गरेका छन्। दोस्रो विश्वयुद्धपछि शीतयुद्धको सुरुवाती चरणमै असंलग्न अभियान सुरु भएको थियो। संयुक्तराज्य अमेरिकाको नेतृत्वमा पश्चिमा गुट र सोभियत संघ नेतृत्वमा पूर्वीय गुटको रूपमा विश्व वीकृत हुँदै जाँदा ती दुई ध्रुवमा जान नचाहने राष्ट्रहरू असंलग्न अभियानमा संलग्न भए। त्यसैले पनि यो आन्दोलन या समूहलाई तेस्रो विश्वको नामले पनि चिनिन्छ।

राजनीतिक रूपले समाजवादी तर आर्थिक रूपले पश्चिम यूरोपसँग जोडिएको तत्कालीन यूगोस्लाभियाले कुनै पनि ध्रुवमा जाँदा आफ्नो राष्ट्रिय हित अनुकूल नहुने देखेर असंलग्न अभियानका लागि पहल सुरु गरेको थियो। दुवै गुटमा नलाग्दा आफ्नो राष्ट्रिय हित हुने ठानेका कम विकसित राष्ट्रहरू यस अभियानमा जोडिंदै गए। पहिलो सम्मेलन सन् १९६१ मा युगोस्लाभियाको बेलग्रेड शहरमा सम्पन्न भएको थियो तर यस आन्दोलनको बीजारोपण भने १९५० दशकको सुरुमै भएको थियो। १९५० देखि १९५३ सम्म भएको कोरियाली युद्धमा अमेरिकाले दक्षिण कोरियाको पक्ष लिएको थियो भने सोभियत संघ र चीनले उत्तरकोरियाको। तर युगोस्लाभिया र भारतले कुनै पक्षधरता देखाएनन्। कोरियाली युद्ध सकिएपछि १९५४ को अन्त्यतिर युगोस्लाभियाका राष्ट्रपति जोसिप ब्रोज टिटो र भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूबीच असंलग्न अभियानकै लागि नयाँदिल्लीमा पहिलो भेटवार्ता भयो।

दुई देशका सरकारप्रमुखले जारी गरेको संयुक्त वक्तव्यमा स्पष्टसँग भनिएको थियो, 'भारत र युगोस्लाभियाले अपनाएको असंलग्नता भनेको तटस्थता होइन र निष्क्रियता पनि होइन। बरु यो त सकारात्मक, सक्रिय र रचनात्मक नीति हो, जसले सामूहिक शान्ति र सामूहिक सुरक्षाको लागि पहल गर्छ।' यसको अर्थ हुन्थ्यो हामी अमेरिका या सोभियत संघको गुटमा छैनौं, तर हामी निष्क्रिय छैनौं र हाम्रो अभियान विश्वशान्तिका लागि युद्धमा असंलग्नताको लागि हो।लगत्तै इन्डोनेसियाको बाङ्डुङमा असंलग्नताको नीतिमा प्रतिवद्ध २९ राष्ट्रका प्रतिनिधि जम्मा भए, जुन असंलग्नता अभियानमा बाङ्डुङ कन्फरेन्सका नामले चिनिन्छ। मूलरूपमा उपनिवेशविरोधी राष्ट्रियता, आत्मनिर्णय, अहस्तक्षेप र महाशक्तिको प्रभुत्वबारे घनीभूत छलफल गरेको यस सम्मेलनले असंलग्न अभियानलाई अझै स्पष्ट र फराकिलो बनायो। बाङ्डुङ सम्मेलनले जारी गरेको सातबुँदे विज्ञप्तिमा विश्वशान्ति र आपसी सहयोगका लागि भन्दै १० सिद्धान्त सार्वजनिक गरियो जसमा संयुक्त राष्ट्रसंघको बडापत्र र मानवअधिकारको सम्मान, सबै राष्ट्रको सार्वभौमिकता र राष्ट्रिय अखण्डताप्रतिको सम्मान, सानाठूला सबै राष्ट्रबीचको समानताको स्वीकार्यता, अन्य राष्ट्रको आन्तरिक मामलामा अहस्तक्षेप, ठूला राष्ट्रको सुरक्षाको लागि कुनै सामूहिक रक्षा प्रणालीको अस्वीकार्यता, अर्को देशको राष्ट्रिय अखण्डतामाथि अनाक्रमण र संयुक्त राष्ट्रसंघको बडापत्र अनुसार अन्तर्राष्ट्रिय द्वन्द्वहरू शान्तिपूर्ण तरिकाले समाधान गर्ने प्रतिवद्धता आदि पर्दछन्।विशेषगरी युगोस्लाभिया, भारत, इजिप्ट र इन्डोनेसियाका नेताहरूले यस अभियानमा सक्रियता बढाउँदै लगे र तिनै सैद्धान्तिक धरातलमा १९६१ मा युगोस्लाभियाको बेलग्रेडमा असंलग्न राष्ट्रहरूको पहिलो शिखर सम्मेलन आयोजना गरियो जहाँबाट औपचारिक रूपमा यो आन्दोलन सुरु भयो। गएको ६० वर्षमा १८ वटा सम्मेलन भएका छन् भने सबभन्दा पछिल्लो अर्थात् अठारौं शिखर सम्मेलन सन् २०१९ मा अजरबैजानमा भयो। पछिल्लो सम्मेलनले बाङ्डुङ सम्मेलनले जारी गरेको १० सिद्धान्तलाई असंलग्न आन्दोलनको संस्थापक सिद्धान्तको रूपमा पालना गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ भने चौधौं शिखर सम्मेलनका २५ वटा सिद्धान्तहरू, जुन तिनै १० सिद्धान्तका विस्तारित बुँदा जस्ता छन्, लाई पनि महत्वको साथ उल्लेख गरेको छ।

सम्मेलनको घोषणाले भनेको छ, 'आन्दोलनका राष्ट्र तथा सरकारप्रमुखहरू कुनै राष्ट्रले अर्को राष्ट्रको राष्ट्रिय अखण्डता र राजनैतिक स्वतन्त्रता विरुद्ध आक्रमण गर्न नहुने र आक्रमणको धम्की दिन नहुने संयुक्त राष्ट्रसंघको बडापत्रको आधारभूत सिद्धान्तलाई दोहोऱ्याउँछन्।'यसरी हेर्दा १९५० को दशकको सुरूदेखि अहिलेसम्म आइपुग्दा असंलग्नताको मूल मान्यतामा सैद्धान्तिक हिसाबले आजसम्म पनि विचलन आएको त देखिंदैन। तर यी मूल्यमान्यताको परिपालना न बाध्यात्मक छन् न त सदस्य राष्ट्रहरूले त्यसो गरे/नगरेको हेर्ने कुनै निमायक निकाय छ। एउटा महत्वपूर्ण कुरा के छ भने असंलग्न राष्ट्रहरूको यो समूहलाई कुनै संघ या संगठन नभनेर आन्दोलन/अभियान भनिएको छ। यसको न कुनै स्थायी सचिवालय छ, न त सबै सदस्य राष्ट्रले मान्नुपर्ने कुनै विधान/संविधान नै छ। यसको नीतिको स्रोत भनेको यसले नियमित सम्मेलनबाट जारी गर्ने दस्तावेजहरू हुन्। त्यसै कारणले असंलग्नताका मूल्यमान्यताहरू स्पष्ट हुँदाहुँदै पनि यसको व्याख्या र परिपालना भने वस्तुगतभन्दा विषयगत हुने गरेको छ।

कुनै पनि राष्ट्रले अन्तर्राष्ट्रिय घटनाक्रमलाई असंलग्नताको दृष्टिले हेर्ने/नहेर्ने, व्यवहार गर्ने/नगर्ने, कसरी व्याख्या गर्ने भन्ने विषय त्यो देशकै आफ्नो छनोटको विषय भएको छ। आन्दोलन स्थापना र अहिलेको विश्वको फरक परिवेश, फितलो सैद्धान्तिक परिपालना, निकै फराकिलो उद्देश्य र सदस्यहरूको फरक राजनैतिक परिवेश आदिको कारणले यस आन्दोलनको अर्थ र सान्दर्भिकताका बारेमा प्रशस्त प्रश्न त उठ्ने गरेका छन् तर पनि यो आन्दोलन स्थापनाको ६ दशक नाघिसक्दा पनि विश्व-राजनीतिमा अझै एउटा महत्वपूर्ण अभियानकै रूपमा रहन सफल भने भएको छ। यसका आफ्नै समस्या छन्, असंलग्नताको बुझाइमा आ-आफ्नै विरोधाभासहरू छन्, र यसका सदस्य राष्ट्रहरू अभियानको सैद्धान्तिक आलोकमा अहिले कति असंलग्न छन् यो विवादको विषय हो। तर पनि असंलग्न नीतिको औचित्य अझै नसकिएको भने स्पष्ट छ।

असंलग्नताको नीति स्थापित गर्न महत्वपूर्ण भूमिका निभाएको देश युगोस्लाभिया १९९० को दशकको सुरुमै विभाजित भयो। विभाजनबाट बनेका देशहरू क्रोएसिया, मोन्टेनेग्रो, म्यासेडोनिया र उत्तरी स्लोवेनियाले असंलग्नताको नीति त्यागेर उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) को सदस्यता लिइसकेका छन् भने बोस्निया र हर्जगोभिना नयाँ सदस्य बन्न प्रतीक्षारत छ। भारत असंलग्न राष्ट्रहरूको आन्दोलनबाट पछि हटेको छैन तर अहिलेको विश्वपरिवेशमा ऊ त्यति प्रतिबद्ध देखिएको पनि छैन। अष्ट्रेलिया, जापान र अमेरिकासँगको सहकार्यमा भारत क्वाड्रिल्याटरल सेक्युरिटी डाएलग (क्वाड) मा संलग्न छ भने अमेरिकाको इन्डो प्यासिफिक स्ट्राटेजीको पनि भारत मुख्य हिस्सा हो। यी दुवैमा भारतको सुरक्षा स्वार्थ छ।

तर अर्कोतिर भारतले रूसको साथ पनि छोड्न सकेको छैन। विगत हेरेर भारत अमेरिकासँग पनि पूर्ण विश्वस्त हुनसकेको छैन भने विगतकै साथका कारण रूसलाई पनि ऊ चिढ्याउने पक्षमा छैन। त्यसो त भारत अहिले पनि रूसकै हतियारमा धेरै भर गर्नुपर्ने स्थितिमा छ। भारत यसअर्थमा असंलग्न भन्दा पनि एकैचोटि दुई डुङ्गामा पाइला राखी हिंडिरहेको छ र असंलग्नताको अभियानलाई पनि सैद्धान्तिक रूपमा छोडिसकेको छैन। असंलग्नतालाई उसले राष्ट्रिय स्वार्थ अनुकूल हुने हदसम्म लिएर हिंडेको छ तर असंलग्नतालाई त्यति ठूलो महत्व दिएको पनि छैन।

रूसले युक्रेनको सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि गरेको आक्रमणको विरोध गर्नु असंलग्न हुनु हो। चुप बस्नु त निष्क्रिय तटस्थता हो, असंलग्नता हुनु हैन। अप्रत्यक्ष संलग्नता हो ।असंलग्न राष्ट्रहरूको असंलग्नताको व्याख्या र परिपालन स्वार्थप्रेरित र समस्याग्रस्त छ। २०१४ मा रूसले युक्रेनको भूभाग क्राइमियालाई आफूमा गाभेपछि संयुक्त राष्ट्रसंघको महासभाले त्यसविरुद्ध प्रस्ताव अनुमोदन गऱ्यो, जसमा असंलग्न राष्ट्रहरूको संलग्नता अचम्मको थियो । रूसको कदम संयुक्त राष्ट्रसंघको बडापत्र र असंलग्न राष्ट्रहरूको आन्दोलनको सिद्धान्तको ठाडो उल्लंघन थियो। फलस्वरूप इन्डोनेसिया जस्तो असंलग्न आन्दोलनको नेतृत्व गरेको देशसहित दक्षिण एसियाका भुटान र माल्दिभ्सले प्रस्तावको पक्षमा मत हाले। तर असंलग्न आन्दोलनकै सदस्य राष्ट्र बेलारूस, उत्तर कोरि या, क्यूबा आदिले रूसको पक्षमा र युक्रेनको भौगोलिक अखण्डताको विपक्षमा मत हाले। अझ रोचक त यस आन्दोलनको प्रादुर्भावकै लागि महत्वपूर्ण भूमिका निभाएको भारत र इजिप्टदेखि दक्षिण एसियाका नेपाल, बङ्गलादेश, पाकिस्तान, श्रीलंकासम्मले मतदान प्रकृयामा भाग लिएनन्, या भनौं रूसले युक्रेनको भूभाग खाइदिएकोमा विरोध गर्न अनिच्छा देखाएर अप्रत्यक्ष रूपमा रूसको साथ दिए। असंलग्नताको सिद्धान्त अनुसार रूसको कदम सोझै नाजायज ठहर्थ्यो र यसको विपक्षमा उभिनु असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरूको दायित्व हुन आउँथ्यो। तर यो दायित्वबाट अधिकांश मुलुक विमुख भए।

यसैले देखाउँछ असंलग्न राष्ट्रहरूको आन्दोलन एउटा बलियो र अर्थपूर्ण आन्दोलन हुनसकेको छैन र यस आन्दोलनले विशेषगरी साना राष्ट्रको भौगोलिक अखण्डताको सबालमा प्रभावकारी काम गर्न सकेको छैन। यसैकारण पनि यसको औचित्यमाथि उठ्ने गरेका प्रश्न जायज हुने गरेका छन्। यति हुँदाहुँदै पनि असंलग्न आन्दोलनको अर्थ नभएको र औचित्य सकिएको रूपमा बुझ्नुहुँदैन। नेपाल लगायत कतिपय राष्ट्रको पछिल्लो कदमले केही भने पनि यसको औचित्य बढाएको छ जसको चर्चा गरौं जारी युक्रेन संकट र यसमा नेपालले लिएको नीति र प्रतिकृयाको विवेचना मार्फत।

### *नेपाल संलग्न कि असंलग्न ?*

नेपालमा युक्रेन संकटको प्रसङ्गमा कतिले चीन र भारतलाई असंलग्न मानेका छन् र नेपाललाई संलग्न हुन खोजेको आरोप लगाएका छन्। तर खासमा असंलग्नताको सैद्धान्तिक आलोकमा हेर्ने हो भने नेपालले जे गरेको छ त्यो असंलग्नताको सिद्धान्त र उद्देश्य अनुरुप छ। यसमा भारत या चीनको नीति अनुसरण गर्नु चाहिं असंलग्नताको नीति विपरि त हुन जान्थ्यो । युक्रेनमा जारी रूसको आक्रमण एउटा सार्वभौम मुलुकमाथि अर्को मुलुकको सैन्य कारबाही भएकोले यो स्पष्ट रूपमा संयुक्त राष्ट्रसंघको बडापत्र र असंलग्न सिद्धान्त विपरितको कदम हो। यसविरुद्ध संयुक्त राष्ट्रसंघको महासभामा मतदान हुँदा १४१ राष्ट्रले पक्षमा मतदान गरे, पाँच राष्ट्रले विपक्षमा मतदान गरे भने ३५ राष्ट्र मतदान प्रक्रियामै सहभागी भएनन्। आक्रमण विरुद्धको प्रस्तावमा नेटोसम्बद्ध राष्ट्रसहित असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरू इन्डोनेसिया, इजिप्टसँगै दक्षिण एसियाका नेपाल, भुटान, माल्दिभ्सले मत हाले भने भारत, पाकिस्तान, बङ्गलादेश र श्रीलंका मतदानमै सामेल भएनन्।

रूससहित पाँच राष्ट्र रूसको आक्रमणको पक्षमै उभिए जसमा चार राष्ट्र असंलग्न आन्दोलनकै सदस्य हुन्। तिनीहरू बेलारूस, उत्तर कोरिया, इरिट्रिया र सिरिया हुन्। २०१४ को क्राइमिया प्रकरण र अहिलेको युक्रेन आक्रमण र यसमा असंलग्न राष्ट्रहरूको लिएको नीतिले देखाएको छ, असंलग्न आन्दोलनले कुनै पनि राष्ट्रको भौगोलिक अखण्डता र सार्वभौमसत्ता जोगाउनको लागि सामूहिक रूपमा खासै प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन। बरु यसका थुप्रै सदस्य राष्ट्रहरूले अन्तर्राष्ट्रिय संकटमा असंलग्नताको सिद्धान्त र साना मुलुकको हितको खातिर काम गरेका छैनन्। यति हुँदाहुँदै पनि दक्षिण एसियाका भुटान र माल्दिभ्सले २०१४ मा र नेपालसहित यी तीनै मुलुकले अहिले युक्रेन प्रकरणमा सुझबुझपूर्ण, असंलग्नताको सिद्धान्तअनुकूल र साना राष्ट्रको हितका लागि रूसी आक्रमणको विरोध र युक्रेनको सार्वभौमिकता र भौगोलिक अखण्डताको पक्षमा आफूलाई उभ्याएका छन्। र त्यसमा नेटो असम्बद्ध अरु राष्ट्र पनि छन् जो असंलग्न आन्दोलनका सदस्य हुन्।

यसको अर्थ हुन्छ, अझै पनि असंलग्न आन्दोलन साना राष्ट्रहरूको सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षाको लागि औचित्यहीन बनिसकेको छैन। अझ नेपालजस्तो राष्ट्र, जुन तीन शक्तिराष्ट्रको रुचि र स्वार्थवेष्ठित र दुई छिमेकीको भूपरिवेष्ठित त छ, को लागि त असंलग्नताको सिद्धान्त र यसको इमानदार परिपालना आफ्नो स्वार्थरक्षाको लागि बाध्यता नै हो। अब प्रश्न उठ्छ के युक्रेनको जारी संकटमा नेपालका कदमहरू संलग्न हुन् कि असंलग्न हुन् ? माथि विवेचित असंलग्नताको सिद्धान्तको आलोकमा नेपालको प्रतिकृयाको विश्लेषण गरौं।

असंलग्न आन्दोलनका अभियन्ता टिटो र नेहरूको विज्ञप्तिमा स्पष्ट थियो, असंलग्नता भनेको निष्कृयता होइन, बरु सकारात्मक तटस्थता र सकृय तटस्थता हो। निष्कृयता न संयुक्त राष्ट्रसंघको बडापत्रको मर्म हो, न त असंलग्न आन्दोलनको आजसम्मको अवधारणाकै। युक्रेन आक्रमणको सबालमा सकारात्मक तटस्थता भनेको रूसको पक्ष नलिनु र यदि यही कारण युक्रेन या अन्य राष्ट्र र राष्ट्रहरूको गुटले रूसलाई आक्रमण गर्न खोज्छ भने त्यसको पक्ष पनि नलिनु हो। रूसको सैन्य गुटमा पनि नलाग्नु र नेटोको पक्ष पनि नलिनु हो तटस्थता हो। युक्रेनलाई पनि शान्तिवार्ताबाट समस्या समाधानका लागि आग्रह गर्नु र रूसलाई पनि युद्धबाट फिर्ता हुन आग्रह गर्नु खासमा सकृय तटस्थता या असंलग्न हुनु हो। ठूला राष्ट्रले साना राष्ट्रमाथि गर्ने थिचोमिचोविरुद्ध बोल्नु असंलग्न आन्दोलनको सदस्यको नाताले नेपालको कर्तव्य हो। २०१४ मा क्राइमिया प्रकरणमा त्यसो नगरेर नेपालले गलत गरेको थियो। अहिले त्यो गल्ती सच्याएको छ। एकपटक नेपालको विज्ञप्तिमै केन्द्रित होऔं।

नेपालले फेब्रुअरी २४ मा जारी गरेको विज्ञप्तिले भनेको छ, 'युक्रेनको स्थितिलाई नेपाल सरकारले नजिकबाट नियालिरहेको छ। तनाव बढ्न नदिन नेपाल सबै पक्षलाई अधिकतम संयम अपनाउन आग्रह गर्दछ। संयुक्त राष्ट्रसंघको सदस्यको रूपमा नेपाल संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लेखित सार्वभौमिकता र भौगोलिक अखण्डताको सिद्धान्तलाई सबै सदस्य राष्ट्रले पूर्ण सम्मान गर्नुपर्दछ भन्ने ठान्दछ।' नेपालको आशय छ, रूसले युक्रेनमा जे गरिराखेको छ त्यो राष्ट्रसंघको बडापत्रमा उल्लेखित सार्वभौमिकता र भौगोलिक अखण्डताको सिद्धान्त विपरित छ। माथि व्याख्या गरिएको असंलग्नताको सिद्धान्तको आलोकमा हेर्दा नेपालको अडान असंलग्नता आन्दोलन विपरित होइन, बरु त्यसैको उद्देश्य र सिद्धान्त अनुरूप छ। र नेपाल लगायत दक्षिण एसियाका भुटान र माल्दिभ्सले रूसको आक्रमण विरुद्ध गरेको मतदान पनि असंलग्नताको उद्देश्य र सिद्धान्तअनुसार नै छ। बरु असंलग्नताको आन्दोलन सुरु गर्न महत्वपूर्ण भूमिका निभाउने भारतजस्ता ठूला राष्ट्रहरू भने यसबाट विचलित भैरहेको यही संकटमा भारतको गैरजिम्मेवार भूमिकाबाट पनि स्पष्ट हुन्छ।

अमेरिकासँग पनि टाढिन नसक्ने र रूससँग जोडिएको सुरक्षास्वार्थले गर्दा रूसलाई पनि चिढ्याउन नसक्ने स्थितिमा हुनु भारतको राष्ट्रिय स्वार्थको बाध्यता होला तर त्यो असंलग्न आन्दोलनको भावना अनुरूप होइन। नेपालको संविधान २०७२ मा देशको राष्ट्रिय हित रक्षाको लागि 'संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताको आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सन्चालन गर्ने' भनेर स्पष्ट लेखिएको छ। त्यही संवैधानिक व्यवस्थालाई नेपालको परराष्ट्र नीति २०७७ ले अक्षरश: दोहोऱ्याएको छ। कुनै एउटा देशले अर्को देशमा आक्रमण गर्नु र उसको भौगोलिक अखण्डतामा धावा बोल्नु यी सबै मान्यता र प्रावधान विरुद्ध हुन्छ। अझ नेपालको राष्ट्रिय हितको कुरा गर्ने हो भने त हाम्रो जस्तो दुई विशाल राष्ट्रबीच अवस्थित तुलनात्मक सानो राष्ट्रका लागि त त्यसरी ठूला राष्ट्रले अर्को सानो राष्ट्रमाथि गरेको आक्रमणलाई नजर अन्दाज गरी निष्कृय रहनु आत्मघाती कदम हो। भुटान र माल्दिभ्सले २०१४ मा क्राइमियाबारे लिएको नीति र अहिले युक्रेन आक्रमणबारे लिएको नीतिलाई त्यसै अर्थमा बुझ्नु लाभदायक हुनेछ। राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकताको कुरा गरेर कहिल्यै नथाक्ने केही वामपन्थी बुद्धिजीवीलाई त भारत र चीनको मुख हेरेर मात्रै नेपाल बोल्नुपर्थ्यो भन्न अप्ठेरो लाग्नुपर्थ्यो। किनकि त्यसो गर्नु हाम्रो स्वतन्त्र परराष्ट्र नीतिबारे संवैधानिक व्यवस्था प्रतिकूल मात्र हुँदैनथ्यो, हाम्रै राष्ट्रिय स्वार्थको लागि पनि गलत हुन्थ्यो।

खासमा असंलग्नको सिद्धान्तअनुसार असंलग्न राष्ट्रहरू पनि संलग्न हुनुपर्छ। उनीहरू शान्तिपूर्ण विश्वसम्बन्धका विरुद्ध लाग्ने राष्ट्रहरू विरुद्धको अभियानमा संलग्न हुन्छन्। त्यसै अर्थमा असंलग्नतालाई सकारात्मक तटस्थता र सकृय तटस्थता भनिएको हो। युद्धको विरोध र शान्तिको खातिर यो संलग्नता उपयोग हुनुपर्छ। असंलग्नताले संयुक्त राष्ट्रसंघको सामूहिक सुरक्षा प्रणालीलाई स्वीकार गर्छ, कुनै एक देश या समूहको होइन। ऐतिहासिक रूपमा हेर्दा असंलग्नताको अर्थ दोस्रो विश्वयुद्ध पछिको शीतयुद्धकालिन दुई ध्रुविय विश्वमा कुनै पनि ध्रुवतिर संलग्न नरहने भन्ने हो भने युक्रेनको सन्दर्भमा अमेरिका या नेटो र रूस कुनै पनि पक्षको सैनिक हस्तक्षेपको पक्षमा नलाग्ने भन्ने हो। शीतयुद्धको अन्त्यपछिको सन्दर्भमा कुनै पनि सैन्य गठबन्धनको अङ्ग नबनी स्वतन्त्र र सार्वभौम राष्ट्रको रूपमा अरुको स्वतन्त्रता र सार्वभौमिकताको सम्मान गर्ने राष्ट्र नै असंलग्न राष्ट्र हो।

यसर्थ नेपालको युक्रेन आक्रमणको विरोध कुनै पनि अर्थमा असंलग्नताको सिद्धान्त र यसको उद्देश्य विपरित छैन, बरु असंलग्न आन्दोलनको उद्देश्य अनुसार छ। रूसको आक्रमणको विपक्षमा उभिनुलाई युद्धअघि युक्रेनले लिएको नीतिको समर्थनको रूपमा बुझिनु हुन्न। असंलग्न आन्दोलनको मर्म कुनै पनि अन्तर्राष्ट्रिय विवाद युद्धमार्फत हैन कूटनैतिक माध्यमबाट सुल्झाउनुपर्छ भन्ने हो। त्यसैले रूसले युक्रेनमा गरेको आक्रमणको विपक्षमा विज्ञप्ति जारी गरेर र राष्ट्रसंघको महासभामा मतदान गरेर नेपालले असंलग्न आन्दोलन, राष्ट्रसंघको बडापत्र, नेपालको संविधानको मर्म र नेपालको परराष्ट्र नीतिको सम्मान गरेको छ। *साभार: अनलाइनखबर*

# प्रधानमन्त्रीद्वारा देशकै दोस्रो सबस्टेशनको उद्घाटन



काठमाडौँ (रासस) /प्रधानमन्त्री शेरबहादुर देउवाले देशकै दोस्रो ठूलो सबस्टेशनको आज एक समारोहबीच उद्घाटन गरेका छन् । रामेछापको मन्थली नगर पालिका-१३ स्थित साँखे (फुलासी) मा निर्माण सम्पन्न भएको नयाँ खिम्ती २२०/१३२ केभी क्षमताको सबस्टेशन प्रधानमन्त्रीले उद्घाटन गर का हुन् ।

सबस्टेशन स्वदेशी पूँजीमा निर्माण भएको मुलुककै ठूलो ४५६ मेगावाटको राष्ट्रिय गौरवको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको एउटा मुख्य भाग हो । माथिल्लो तामाकोसी आयोजनाले नै निर्माण गरेको सबस्टेशन नेपालमा हालसम्म निर्माण र सञ्चालनमा रहेको ढल्केबरपछिको दोस्रो ठूलो सबस्टेशन हो । तामाकोसी र त्यसका सहायक नदी तथा खोलाबाट उत्पादित विद्युत् जोडिने नयाँ खिम्ती सबस्टेशनबाट करिब एक हजार दुई सय मेगावाटसम्म विद्युत् प्रवाह गर्न सकिनेछ ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ लगायतको उपस्थिति थियो । माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् ४७ किलोमिटर लामो २२० केभी डबल सर्किट प्रसारण लाइनबाट नयाँ खिम्ती सबस्टेशनमा जोडिएको छ । माथिल्लो तामाकोसीको अतिरिक्त ६० मेगावाट क्षमताको खिम्ती पहिलो, ५२.४ मेगावाट क्षमताको लिखू चौथो र २४.२ मेगावाट क्षमताको लिखू खोला 'ए' बाट उत्पादित विद्युत् यही सबस्टेशनमा जोडिएको छ । त्यस्तै, नयाँ खिम्ती सबस्टेशनमा जोडिएको विद्युत् ७६ किलोमिटर २२० केभी प्रसारण लाइनबाट धनुषाको ढल्केबरस्थित ४००/२२०/१३२केभी सबस्टेशनमा लगिएको छ । ढल्केबरबाट मुलुकभित्र खपतका लागि पूर्व-पश्चिम पठाइएको छ भने बढी भएको विद्युत् ढल्केबर-मुजफ्फर पुर अन्तरदेशीय प्रसारण लाइनमार्फत भारततर्फ निर्यात गरिएको छ । नयाँ खिम्ती सबस्टेशनबाट ४६ किमी लामो १३२ केभी प्रसारण लाइनबाट सिन्धुपाल्चोकको लामोसाँघुस्थित १३२ के.भी. सबस्टेशन हुँदै काठमाडौँ उपत्यकासहित नेपालको राष्ट्रिय विद्युत् प्रणालीमा विद्युत् प्रवाह भइरहेको छ । नयाँ खिम्तिसबस्टेशनमा आठवटा २२० केभी ग्यास इन्सुलेटेट स्विचगियर बे र ६ वटा १३२ केभी एयर इन्सुलेटेट स्विचगियर बे छन् । साथै, सबस्टेशनमा २२०/१३२ के.भी., ३३.३३ एमभिए क्षमताको चारवटा पावर ट्रान्सफर्मरहरू जडान गरिएको छ । करिब १३७ रोपनी क्षेत्रफल रहेको सबस्टेशनमा हाल करिब ५५ रोपनीमा २२०/१३२ केभी नयाँ खिम्ती सबस्टेशन निर्माण भएको छ ।विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक एवं अपर तामाकोसी हाइड्रोपावर लिमिटेडका अध्यक्ष घिसिङले अनेकौं कठिनाइ बेहोर्दै माथिल्लो तामाकोसीको निर्माण सम्पन्न भएको र यसबाट जलविद्युत् र समग्र आर्थिक क्षेत्रको विकासमा एक ऐतिहासिक उपलब्धि प्राप्त भएको बताए । उनले यस आयोजनाको सफलताबाट भविष्यमा यस्तै ठूला आयोजनाहरू स्वदेशी लगानी र व्यवस्थापनमा निर्माण गर्ने सकिने अनुभव, आँट र दक्षता प्राप्त भएको उल्लेख गरे । दैनिक पिकिङ प्रकार को माथिल्लो तामाकोसीले सुक्खा मौसममा पनि दैनिक कम्तीमा ४ घण्टासम्म पूर्ण क्षमतामा अर्थात् ४५६ मेगावाट विद्युत् उत्पादन गरी नेपालको राष्ट्रिय विद्युत् प्रसारण प्रणालीलाई ठूलो मद्दत पुऱ्याइरहको छ । वार्षिक दुई अर्ब २८ करोड युनिट विद्युत् उत्पादन हुने आयोजनाले दोस्रो चरणमा २० मेगावाटको रोल्वालिङ खोला निर्माण गर्दैछ । रोल्वालिङ खोलालाई माथिल्लो तामाकोसीमा मिसाएर सुक्खायाममा करिब २२ करोड युनिट र २० मेगावाटको आयोजनाबाट थप १० करोड गरी जम्मा ३२ करोड युनिट विद्युत् ऊर्जा थप हुनेछ । उपभोक्तालाई सस्तो बिजुली उपलब्ध गर्ने उद्देश्यसहित निर्माण भएको माथिल्लो तामाकोसीको प्रतियुनिट औसत ४.०६ रुपैयाँ विद्युत् खरीद बिक्री दर रहेको छ । यसबाट आम उपभोक्ताले सस्तो दरको बिजुली पाउने प्रत्याभूति हुनाका साथै प्राधिकरणको वित्तीय अवस्थामा समेत उल्लेख्य सुधारको अपेक्षा गरिएको छ ।माथिल्लो तामाकोसीको सञ्चालनपछि हाल बिहान र साँझको पिक आवरको समयमा भारतबाट आयात गरिने विद्युत्को परिमाणमा करिब आधाभन्दा बढी घटेको कार्यकारी निर्देशक घिसिङले उल्लेख गरे ।

उनले भन्नुभयाने भार तबाट आयात गरिने विद्युत्को खरिद दर यस हिउँदमा रु ३२ प्रतियुनिटसम्म पुगेको अवस्थामा तामाकोसीको विद्युत् खरिद दर यो वर्ष अधिकतम रु ६.९६ मात्र र हेकाले देशको ठूलो धनराशि विदेश जानबाट रोकिएको छ ।"पछिल्ला दिनमा सरकारले जलविद्युत् आयोजनाको निर्माणसँगै प्रसारण प्रणाली र सबस्टेशन निर्माणमा पनि उत्तिकै ध्यान दिएको छ । देशभित्र उत्पादित बिजुली देशभित्रै खपत गर ाउने उद्देश्यका साथ सरकारले अनेकन प्रयास गरिरहेको छ । देशभित्र हाल ४०० केभी क्षमताको ढल्केबर सबस्टेशन निर्माणपछि सञ्चालनमा आइसकेको छ । सोही क्रममा देशकै अर्को दोस्रो ठूलो सबस्टेशन उद्घाटन भई सञ्चालनमा आएको हो । विसं २०७५ देखि निर्माण सुरु भएको सो सबस्टेशन गत असारमा निर्माण सम्पन्न भएको हो । सुरुआती लागत रु एक अर्ब ५० करोड बराबर भएपछि प्राकृतिक विपत्ति, कोरोना त्रास लगायतका अन्य कारणले गर्दा थप केही 'भेरियशन' भएको थियो । रामेछाप, दोलखालगायत जिल्लामा निर्माण सम्पन्न भएका र निर्माणमा जाने तयारीमा रहेका आयोजनाको बिजुली जोडिने भएकाले सो सबस्टेशन प्राधिकरणको भाषामा हब सबस्टेशनका रूपमा विकास हुनेछ । गत साउनको अन्तिम साता सो सबस्टेशन चार्ज गरि एको थियो ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको माथिल्लो तामाकोसीको बिजुली देशभर उपलब्ध गराउनका लागि महत्वपूर्ण मानिएको सो सबस्टेशनको सञ्चालनपछि बिजुली प्रवाहमा थप सहजता उत्पन्न हुने विश्वास प्राधिकरणको छ । माथिल्लो तामाकोसीको झन्डै एक अर्ब युनिट बिजुली सोही सबस्टेशन भएर प्रवाह भइसकेको छ। सरकारको विशेष चासोका साथ मार्गदर्शन, प्राधिकरणका कार्यकारी निर्देशक घिसिङको नियमित अनुगमनपछि आयोजना सम्पन्न भएको न्यू खिम्ती सबस्टेशनका कर्मचारीको भनाइ छ ।

केही दिनअघि मात्रै ऊर्जामन्त्री भुसालले सर्लाहीको लालबन्दीमा निर्माण सम्पन्न भएको १२२/३३ केभी सबस्टेशनको उद्घाटन गरकी थिइन् । यस्तै, न्यू बुटवल-बर्दघाट २२०/१३२ केभी सबस्टेशन र मोतिपुर सबस्टेशनको समेत उद्घाटन भइसकेको छ । यसबाट पनि वर्तमान सरकारले ऊर्जा क्षेत्रको विकासमा विशेष ध्यान र चासो दिएको स्पष्ट हुन जाने ऊर्जा मन्त्रालयको भनाइ छ ।

# फुटबल खेलाडी एन्जिलाको जीवनीमा आधारित फिल्म 'अञ्जिला' बन्ने




काठमाडौं/ नेपाली महिला फुटबलकी पहिलो नम्बरकी गोलरक्षक एन्जिला तोम्बापोको जीवनीमा आधारित फिल्म 'अञ्जिला'को घोषणा गरिएको छ । केन्द्र मोसन पिक्चर्स र मुन लभ इन्टरटेनमेन्टको सहकार्यमा फिल्म बन्ने भएको हो ।

नेपालमा पहिलोपटक कुनै खेलाडीको जीवनमा आधारित भएर बायोपिक बनाउन लागिएको यो पहिलोपटक हो ।मिलन चाम्सले निर्देशन गर्ने यो फिल्ममा एन्जिलाको केन्द्रीय भूमिका रहने यो फिल्ममा दयाहाङ राई, सृजना सुब्बा, बुद्धि तामाङ, माओत्से गुरुङ, प्रेमकुमार श्रेष्ठलगायतको पनि अभिनय रहनेछ । यश थापाको लेखन रहने फिल्मको निर्मातामा प्रेमकुमार श्रेष्ठ छन् भने सहनिर्मातामा केन्द्र लिम्बू, विनोद अग्रवाल र राजेश अग्रवाल छन् ।यसअघि दुईवटा बायोपिकको निर्देशन गरिसकेका उनको निर्देशनमा यो तेस्रो बायोपिक फिल्म हो । 'यो बायोपिक निर्माण गर्न मैले धेरै अध्ययन अनुसन्धान गरेको छु,' एन्जिलाको कथा अन्यको भन्दा फरक छ,' उनले भने ।

एञ्जिलाको कथाले धेरै युवा तथा स्कुल पढ्दै गरेका विद्यार्थीलाई प्रेरणा दिने उनले बताए । अभिनेता दयाहाङ राईले यस फिल्मको माध्यमबाट खेलक्षेत्रलाई अझ नजिकले बुझ्ने अवसर पाउने बताए । 'म खेलकुदलाई नजिकबाट हेर्छु तर यो फिल्मबाट खेलाडीको जीवनलाई नजिकबाट महसुस गर्नेछु' उनले भने । खेलाडी एन्जिलाले आफ्नो बायोपिकका लागि मण्डला थिएटर मा अभिनय सिकिरहेकी छन् । उनले भनिन्, 'मेरो कथालाई मन पराएर मलाई विशेष पात्रको रुपमा छानिदिनु भएका निर्देशक टिम, मेरा प्रशिक्षक, टिमका साथीहरु, विभाग तथा एन्फालाई धेरै धन्यवाद दिन चाहन्छु।'निर्माता श्रेष्ठका अनुसार फिल्मको छाया न जेठ दोस्रो साताबाट सुरु हुनेछ । इलामको फिक्कल र काठमाडौंमा छायाङ्कन हुने फिल्म आगामी दशैं आसपासमा प्रदर्शन गर्ने तयारी रहेको श्रेष्ठले जानकारी दिए ।*(अनलाइनखबर)*

# समाजवाद, विकास र समृद्धिका लागि पार्टी लागिपरेको छः अध्यक्ष नेपाल



गोरखा (रासस) / नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपालले आफ्नो पार्टीलाई असल कम्युनिष्ट पार्टी बनाउने बताएका छन्।

गोरखा सदरमुकाममा आज आयोजित पार्टीका जिल्लास्तरीय कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रममा बोल्दै उनले नेकपा एमालेको अब कुनै राजनीतिक भविष्य नभएकाले आफ्नो पार्टीलाई असल कम्युनिष्ट पार्टीका रूपमा स्थापित गर्नुपर्ने बताएका हुन् । "हामीले जनसेवाको भावनाले ओतप्रोत भएर गरिब र दीनदु:खी जनता, विपन्न, बेसहारा, दलित र अत्याचारमा परेका नेपाली तथा जुनसुकै वर्ग समुदायका देशभक्त नेपालीको हितको कल्याण गर्ने पार्टी निर्माण गर्नुपर्छ", उनले भने, "यो पवित्र भावले लाग्दाखेरी यो पार्टीको भविष्य रहन्छ ।" पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले अहिले आफ्नो पार्टीमा प्रवेश गर्नेहरूको ओइरो लागेको बताउँदै आफ्नो पार्टीमा प्रवेश गर्नेहरूको लहर देशभर चलिरहेको छ भने । "नक्कली सोच र विचारले केही हुनेवाला छैन, अबको स्थानीय तहको चुनावले त्यसको फैसला गर्नेछ", उनले भने, "एकीकृत समाजवादी क्रान्तिकारी सोचका साथ अघि बढेको छ, समाजवाद, विकास र समृद्धिका निम्ति देशभक्तिको झण्डा उठाएका छौं ।"

# हराएका कलात्मक सम्पदा बेलायतद्वारा हस्तान्तरण



काठमाडौं (रासस) / संयुक्त अधिराज्य बेलायतले नेपालबाट हर ाएका दुई वटा कलात्मक सांस्कृतिक सम्पदा हस्तान्तरण गरेको छ । लण्डनस्थित दूतावासमा शुक्रबार आयोजित एक कार्यक्रममा लण्डन महानगरीय प्रहरी कार्यालयका गुप्तचर निरीक्षक जोन रोचले बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यलाई ती सामग्री हस्तान्तरण गरेका हुन्। नेपाललाई हस्तान्तरण गरिएका कलाकृतिमा सोह्रौं शताब्दीमा काठमा कुँदिएको तोरन र अठारौं शताब्दीको नमस्कार मुद्रासहित घुँडा टेकेका भक्तको ढुङ्गाको मूर्ति समावेश छ । सन् १९८०-१९९० को दशकमा काठमाडौंको हनुमानढोका दरबार क्षेत्रको पूर्वपट्टि रहेको कुमारी बहालबाट तोरन हराएको थियो । घुँडा टेकेको भक्तको मूर्ति ओम बहाल नजिकैको मञ्जुश्री मन्दिरको भएको लण्डनस्थित दूतावासले जनाएको छ ।कार्यक्रमा राजदूत आचार्यले नेपालका हराएका कलाकृतिको पुन:प्राप्तिमा संलग्न महानगरीय प्रहरी र कला तथा पुरातात्विक वस्तु एकाइका सबै पदाधिकारीप्रति कृतज्ञता ज्ञापन गर्दै हराएको सांस्कृतिक सम्पदाको पुन:स्थापना र पुन:स्थापनाका लागि नेपालको राष्ट्रिय प्रयासमा महानगरीय प्रहरीको सक्रिय र विचारशील सहकार्यले सकारात्मक योगदान दिएको बताए ।

गुप्तचर निरीक्षक रोचले महानगरीय प्रहरी कला तथा पुरातात्विक एकाइले यी दुई बहुमूल्य सम्पदा बरामद गर्नमा आफ्नो भूमिकामा गौरवान्वित भएको र नेपाल फर्काउन पाउँदा खुसी लागेको बताए । चोरी हुनुअघि स्थितिमा फोटो खिचिएका कारण तिनलाई पत्ता लगाउन र वास्तविक मालिकलाई हस्तान्तरण गर्न सहयोग पुगेको बताए । ती सामग्री नेपाल सरकारलाई पुरातत्व विभागमार्फत शीघ्र हस्तान्तरण गरिने पनि उक्त दूतावासले जनाएको छ ।

# करिब रु सात अर्बको फलफूल आयात



काठमाडौँ (रासस) /चालु आर्थिक वर्षको पहिलो सात महिनामा फलफूलको आयात अकासिएको छ । सो अवधिमा रु ६ अर्ब ६० करोड ९१ लाख २८ हजार ६०० मूल्य बराबरका आँप, सुन्तला, कागती, अङ्गुर र स्याउको आयात भएको हो । तीमध्ये सबैभन्दा बढी स्याउको आयात भएको छ । छिमेकी मुलुक चीनबाट रु तीन अर्ब २२ करोड २२ लाख ३० हजार मूल्यका विभिन्न जातका तीन करोड ८३ लाख ५९ हजार १३३ केजी स्याउ आयात भएको भन्सार विभागले जनाएको छ । नेपालमा स्याउ खेतीको प्रचुर सम्भावना छ । यति हुँदाहुँदै पनि डरलाग्दो आयात हुनुले नेपालमा फलफूलको परनिर्भरता चुलिँदै गएको देखिन्छ ।नेपाल सरकारले आगामी तीन वर्षमा नेपाललाई फलफूलमा आत्मनिर्भर बनाउने घोषणा आर्थिक वर्ष २०७७/७८ को बजेट पुस्तिकामार्फत घोषणा गरेको थियो ।नेपालमा ठूलो परिमाणमा स्याउ आयात हुने अर्को छिमेकी मुलुक भारत हो । चालु आर्थिक वर्षको माघ मसान्तसम्म भारतबाट रु एक अर्ब १५ करोड ३२ लाख ५६ हजार मूल्य बराबर को ११ लाख ५३ हजार २५६ केजी स्याउ आयात भएको भन्सार विभागले जनाएको छ । विभागका अनुसार सोही अवधिमा टर्कीबाट रु २६ लाख २५ हजार मूल्य बराबरको स्याउ आयात भएको छ । समग्रमा चालु आर्थिक वर्षको पहिलो सात महिनामा कूल रु चार अर्ब ३७ करोड ८१ लाख ११ हजार मूल्य बराबरको स्याउ आयात भएको विभागको तथ्याङ्कमा उल्लेख छ । यसैगरी सोही अवधिमा नेपालमा रु ७८ करोड ५१ लाख १५ हजार छ सय मूल्यका बराबरका सुन्तलाको आयात भएको छ । नेपालमा सुन्तला भारत, दक्षिण अफ्रिका र इजिप्टबाट आउने गर्छ । सो अवधिमा भारतबाट रु ७७ करोड ४८ लाख ७२ हजार, साउथ अफ्रिकाबाट रु ९० लाख ७७ हजार र टर्कीबाट रु ११ लाख ६६ हजार ६०० मूल्य बराबरका कूल एक कर ोड ४५ लाख ७० हजार तीन केजी सुन्तलाको आयात भएको छ ।त्यस्तै चालु आर्थिक वर्षको पहिलो सात महिनामा भारतबाट रु ५३ करोड ९६ लाख पाँच हजार मूल्य बराबरको ६८ लाख ८४ हजार ३९६ केजी कागती आयात भएको छ । पाँच प्रकारका फलफूलमा कागतीको आयात तेस्रो स्थानमा छ । कागतीमा ९० प्रतिशत भारतमा निर्भर हुनु परेको कृषि तथ्याङ्कले देखाएको छ ।

पहाडी डाँडाकाँडामा र ाम्रो आम्दानी लिन सकिने कागती खेतीमा पछिल्लो समय नेपालीको आकर्षण बढ्दै गएको छ । १०० मिटरको उचाइदेखि दुई हजार ४०० मिटरको उचाइमा ८०० मिलीमिटर देखि एक हजार २०० मिलीमिटर पानी पर्ने तर पानी नजम्ने स्थानमा कागती खेती गर्न सकिन्छ । कागतीलाई सुन खेतीका नामले पुकारिन्छ। झन्डै १३ रोपनी जग्गामा कागती खेती गर्दा करिब रु १० लाख आम्दानी हुने कृषि विज्ञको भनाइ छ । नेपालमा आँपको परनिर्भरता पनि बढ्दै गएको छ । तराई र भित्री मधेसमा आँप खेती गर्न सकिन्छ । तर आयात भने रोकिएको छैन । चालु आर्थिक वर्षको पहिलो सात महिनामा रु ४५ करोड ९२ लाख ६० हजार मूल्य बराबरका विभिन्न जातको ९५ लाख ७४ हजार ५३४ केजी आँप भारत, थाइल्यान्ड र युगान्डाबाट आयात भएको छ ।

त्यस्तै सोही अवधिमा अङ्गुरको आयातमा उल्लेखनीय वृद्धि भएको छ । नेपालमा विशेष गरी चीन, भारत र इजिप्टबाट अङ्गुरको आयात हुने गर्दछ । चालु आर्थिक वर्षको पहिलो सात महिनामा रु ४५ करोड ५६ लाख ७७ हजार मूल्य बराबरका सुक्खा र ताजा गरी कूल ४८ लाख ९३ हजार आठ किलोग्राम अङ्गुर आयात भएको तथ्याँङ्क छ ।यसैगरी सोही अवधिमा नेपालमा भारतबाट झन्डै रु १० करोड मूल्य बराबरको भुइँकटहर, युगान्डा र मेक्सिकोबाट रु दुई करोडको एभोकाडो, भारतबाट रु १६ करोडको खर्बुजा, चीनबाट रु १३ करोडको नासपाती भारतबाट रु चार करोडको किवी, रु नौ करोडको अनार तथा चीन र भारतबाट अमिलो तथा अमिलोजन्य एंव विभिन्न थरीका अन्य फलफूल गरी झन्डै रु तीन अर्बको आयात भएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ ।

# बुङदल सामुदायिक वनको भेला

हेटौंडा, ५ चैत/ मकवानपुरगढी-५ सिमलटारमा रहेको बुङ्दल सामुदायिक वन उपभोक्ता समूहको २६ औं वार्षिक साधारणसभा शनिबार भएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईंको प्रमुख आतिथ्यता तथा समूहका अध्यक्ष चन्द्रप्रसाद दुलालको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारणसभामा समूहकी सचिव राधिका छत्कुलीले प्रगति प्रतिवेदन र कोषाध्यक्ष राजेश अधिकारीले गत आर्थिक वर्ष २०७७/०७८ को २७ लाख ४९ हजार र चालु आव ०७८/०७९ को लागि २४ लाख ९ हजारको अनुमानित आयव्यय विवरण पेश गरेका थिए । समूहले यस आवमा विपन्न बर्ग लक्षित कार्यक्रम, पर्यापर्यटन, सामुदायिक विकास, आयआर्जनअन्तर्गत बेसार खेती, वन विकास, जैविक विविधताको संरक्षण, भू तथा जलाधार संरक्षण, वन संरक्षण, सामुदायिक विकास, अध्ययन भ्रमणलगायतको कामलाई प्राथमिकताको सूचीमा राखेको समूहका कोषाध्यक्ष राजेश अधिकारीले प्रस्तुत गरेको प्रस्तावित कार्यक्रममा समेटिएको छ ।

कार्यक्रममा उत्कृष्ट विद्यार्थीतर्फ अनिसा घिमिरे, रेसु अधिकारी, शिखा दुलाल, हिराकुमारी दाहाल सिजुल दाहाललाई छात्रवृत्ति वितरण गरिएको थियो भने बेसार खेतीतर्फ रेनुका छत्कुलीलाई पुरस्कृत गरिएको थियो । साधारणसभामा मकवानपुरगढी-५ का वडा अध्यक्ष जीतबहादुर घिमिरे, सव डिभिजन वन कार्यालय, मकवानपुरगढीका प्रमुख डटेन्द्रकुमार गोले, सामुदायिक वन उपभोक्ता महासंघ, स्थानीय महासंघ, मकवानपुरगढीका अध्यक्ष बलराम अधिकारी, रानी सामुदायिक वनका कार्यालय सचिव भमिसेन पोडेलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# मानव अधिकार संगठन अध्यक्षमा श्रेष्ठ



हेटौंडा/ नेपाल मानव अधिकार संगठन, मकवानपुरको अध्यक्षमा शर्मिला श्रेष्ठ सर्वसम्मत चयन भएकी छन् ।

शनिबार छैठौं वार्षिक साधरणसभा तथा तेस्रो जिल्ला अधिवेसनबाट श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति बनेको हो । संगठनको उपसभापतिमा राजबाबु पहाडी, सचिवमा सुवासचन्द्र अधिकारी, सहसचिवमा मञ्जु खराल, कोषाध्यक्षमा सुमित्रा थिङ चयन भए । सदस्यमा अपेक्षा बस्नेत, श्रद्धा ढुंगाना, राजेश गरिब, बिमला नेपाली, इन्दिरा लुइँटेल र तेजकुमारी थापा चयन भएको जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## प्रथम बागमती प्रदेश खेलकुद प्रतियोगिता

# फुटबल उपाधिका लागि आज मकवानपुर र ललितपुर भिड्ने

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ प्रथम प्रदेश खेलकुद प्रतियोगिता-२०७८ अन्तर्गत् हेटौंडामा जारी पुरुष फुटबलतर्फ फाइनलमा आज आइतबार मकवानपुर र ललितपुर भिड्दै छन् ।

शुक्रबार हेटौंडा-५ क्याम्पा रंगशालास्थित घरेलु मैदानमा दोलखालाई ५-१ गोल अन्तरले हराउँदै मकवानपुरले फाइनलमा ललितपुरसँग भेट पक्का गरेको हो । क्वार्टरफाइनलमा मकवानपुरले सिन्धुलीलाई ३-० गोल अन्तरले पराजित गर्दै अन्तिम चारमा स्थान पक्का गरेको थियो । शुक्रबार ललितपुरले धादिङलाई टाइब्रेकरमा ५-३ गोलअन्तरले हराउँदै उपाधि नजिक पुगेको थियो ।



**हेटौंडामा तेक्वान्दो सुरु**

प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशको आयोजनामा भएको प्रथम खेलकुद प्रतियोगिता अन्तर्गत् शनिबारदेखि हेटौंडामा तेक्वान्दो खेल सुरु भएको छ ।

खेल संयोजक माधव कोइरालाको अध्यक्षता तथा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीको प्रमुख अतिथ्यतामा तेक्वान्दो खेलको उद्घाटन भएको हो । कार्यक्रममा परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारी, सदस्यहरु माधव तिमल्सिना, हिक्मत थपलिया, तेक्वान्दोका मुख्य प्रशिक्षक नविन श्रेष्ठ, जिल्ला तेक्वान्दो संघ मकवानपुरका अध्यक्ष लालकाजीरत्न बज्राचार्यलगायतको आतिथ्यता थियो । सोमबारसम्म हुने खेलमा शनिबार ५३ केजी मुनिको महिलातर्फ धादिङको प्रतिका तामाङलाई हराउँदै सिन्धुपाल्चोककी अन्जली तामाङ फाइनल प्रवेश गरेकी छन् । दोलखाका अनुका जिरेललाई हराउँदै काठमाडौंकी रमिला रोक्का फाइनल प्रवेश गरेकी छन् ।

५४ केजी मुनिको पुरुषतर्फ मकवानपुरका विप्लव वाईवालाई हराउँदै काभ्रेका रोशन केसी, भक्तपुरका सञ्जय लामालाई हराउँदै दोलखाका रोशन खत्री फाइनल प्रवेश गरेको खेल संयोजक कोइरालाले बताए । आज तेक्वान्दोका बाँकी खेल हुनेछन् ।

यसैगरी, चितवनमा भइरहेको पुरुषतर्फको क्रिकेटमा धादिङ र चितवन सेमीफाइनल प्रवेश गरेका छन् । शनिबार भएको पहिलो खेलमा टस जितेर ब्याटिङ राजेको काठमाडौंले २० ओभरमा ६ विकेट गुमाउदैं एकसय ८१ रन बनाएको थियो । धादिङले १९ ओभरमा ६ विकेट गुमाउँदै लक्ष्य पूरा गरेर सेमिफाइनल यात्रा तय गरेको छ । सोमबार हुने सेमिफाइनलमा धादिङले काभ्रेसँग खेल्नेछ ।

दोस्रो खेलमा टस जितेर ब्याटिङ रोजेको चितवनले १० विकेट गुमाउँदै १९ दशमलव ५ ओभरमा २ सय १७ रन बनाएको थियो । नुवाकोटले २० ओभरमा ९ विकेट गुमाएर एकसय १३ रन बनायो । चितवन एकसय ४ रनले विजयी भएको छ । चितवनले आइतबार मकवानपुरसँग फाइनल प्रवेशका लागि खेल्ने खेल संयोजक प्रेमबहादुर क्षेत्रीले बताए ।

प्रदेश खेलकुद प्रतियोगिताअन्तर्गत् काठमाडौंमा आज आइतबारबाट एथ्लेटिक्स प्रतियोगिता हुनेछ । दशरथ रंगशालामा हुने एथ्लेटिक्सका लागि सबै तयारी सकिएको खेल संयोजक आरके विष्टले बताए । सिन्धुपाल्चोकमा चैत ७ गतेबाट कराते र काभ्रेमा सोही दिनदेखि महिला फुटबल हुँदैछ ।

## होटल एसोसिएसनमा जोशीको नेतृत्व



साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ होटल एसोसिएसन अफ मकवानपुरको अध्यक्षमा दिलिसगोविन्द जोशी चयन भएका छन् ।

शनिबार भएको १३ औं साधारणसभा तथा छैठौं अधिवेशनबाट जोशीको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको हो । समितिको वरिष्ठ उपाध्यक्षमा विष्णुगोपाल महर्जन, उपाध्यक्षमा धनबहादुर पौडेल, महासचिवमा हरिगोपाल सापकोटा, कोषाध्यक्षमा रविन लामा, सचिवमा उमाप्रसाद रौनियार र सहकोषाध्यक्ष सुरेश लामा चयन भएका छन् । समिति सदस्यहरुमा पाल्साङ लामा, पारसमणि थिङ, तेजकुमार स्याङ्तान, धन गहतराज, कृष्णकली राजथला तथा ऋतु पियालगायत रहेका छन् । नयाँ कार्यसमितिको पहिलो बैठकले सदस्यमा सरोज अधिकारी र सञ्जीवबहादुर लोप्चनलाई मनोनित गरेको छ ।

## वनमा सेनेटरी प्याड बनाउने तालिम

हेटौंडा, ५ चैत/ हेटौडा-६, चौघडामा ५ दिने सेनेटरी प्याड बनाउने तालिम शनिबारदेखि सुरु भएको छ ।

रानी सामुदायिक वन उपभोक्ता समूह, चौघडा सामुदायिक सिकाई केन्द्रको आयोजना र हेटौंडा उपमहानगरपालिका नगर शिक्षा महाशाखाको सहयोगमा ५ दिने सेनेटरी प्याड बनाउने तालिम शनिबारदेखि वन समूहको सभाहलमा सुरु भएको हो । तालिमको शनिबार बिहान सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाईले उदघाट्न गरेका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष चौलागाईंले सीप सिकेर आत्मनिर्भर बन्न सहभागीलाई आग्रह गरे । सीप जानेको मान्छे सबैको प्रेरणाको श्रोत बन्ने हुँदा वन समूहले महिलाको लागि गरेको कार्य प्रशंसा गर्न लायक भएको बताए ।

वन समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको सभाध्यक्षतामा भएको उदघाट्न कार्यक्रममा समूहका सल्लाहकार बलराम अधिकारी, कृष्ण बिडारी, चित्रेपानी सामुदायिक वनका अध्यक्ष सूर्यबहादुर घलान, वन समूहका उपाध्यक्ष केशव धिताल, सचिव नानीमाया रुम्बा, कोषाध्यक्ष गोमा लामिछाने, सहसचिव दीपक सापकोटा, कार्यालय सचिव भीमसेन पौडेल लगायतको उपस्थिति रहेको थियो ।

## एकै वडाका ७२ ज्येष्ठ नागरिक सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ भीमफेदी गाउँपालिकाको एउटै वडाको ७२ जना ज्येष्ठ नागरिकलाई सम्मान गरिएको छ ।

भीमफेदी गाउँपालिका-५ सुपिङका ७२ जना ज्येष्ठ नागरिकलाई सुरक्षास्वर महादेव खैजडी भजन समूहले देउसी भैलो खेलेर संकलन गरेको रकमबाट सम्मान गरेको हो । समूहले ज्येष्ठ नागरिकहरुलाई भोजन गराउनुको साथै दोसल्ला ओढाएर सम्मान गरेका थिए । कार्यक्रममा भजन समूहका २१ जनालाई पनि सम्मान गरिएको थियो । कार्यक्रमकी प्रमुख अतिथि जिल्ला समन्वय समिति मकवानपुरकी उपप्रमुख भगवती पुडासैनीले ज्येष्ठ नागरिकको सम्मान पहिलो कर्तव्य भएको बताइन् । ज्येष्ठ नागरिकको सीप, ज्ञान र अनुभवलाई नयाँ पुस्ताले सिकाइको रुपमा लिनुपर्ने उनको भनाइ छ ।

उनले बढ्दो वैज्ञानिकीकरणले आफ्नै सन्तानबाट ज्येष्ठ नागरिकहरु पीडित हुने गरेको यथार्थ राख्दै बृद्धबृद्धाको सम्मानले मात्र धर्म परम्परा जीवित रहने विश्वास व्यक्त गरेकी छन् । भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले पछिल्लो समय छोरा बुहारीबाटै बृद्ध बाबुआमाहरु अपहेलित हुँदै आइरहेको अवस्थामा वृद्धबृद्धाहरुको सम्मानका लागि यस्ता कार्यक्रमहरुको आयोजना गरिएकोमा खुशी व्यक्त गरे । उनले ज्येष्ठ नागरिकको सम्मान कार्यक्रमलाई निरन्तरता दिन सुझाव दिँदै यस्ता कार्यको लागि गाउँपालिकाले पनि आवश्यक सहयोग उपलब्ध गराउन तयार रहेको बताएका छन् ।



आफूले अग्रजको सम्मान गर्न सकेमात्रै आफूलाई पनि सम्मान मिल्ने उनले बताए । सोही अवसरमा भीमफेदी ५ दमारस्थित बाराही आधारभूत निम्न माध्यमिक विद्यालयको लागि सहयोग रकम प्राप्त भएको छ । नेपाली कांग्रेस काठमाडौ कागेश्वरी मनहरा नगर समितिका पूर्वसभापति नवराज पुडासैनी र समाजसेवी सुदर्शन पुडासैनीले विद्यालयको लागि एकमुष्ट रुपमा एकलाख ५० हजार रुपियाँ नगद सहयोग उपलब्ध गराएका हुन् । उक्त सहयोग रकमबाट निम्न आर्थिक अवस्था भएका बालबालिकाहरुले शिक्षा हासिल गर्न सक्ने भन्दै विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष तिलक रेग्मीले सहयोगी दाताप्रति आभार व्यक्त गरे । सुरक्षास्वर महादेव खैजडी भजन समूहका अध्यक्ष जनकराज पुडासैनीको सभाध्यक्षतामा भएको कार्यक्रममा भीमफेदी ५ का वडाअध्यक्ष जहारसिंह लामालगायतको आतिथ्यता थियो ।

**नयाँ कार्यसमिति चयन**

समूहको नयाँ कार्यसमिति सर्वसम्मत रुपमा चयन गरिएको छ । समूहको अध्यक्षमा बालचन्द्र दुलाल चयन भएका छन् भने उपाध्यक्षमा रामकृष्ण पुडासैनी, सचिवमा घननाथ पुडासैनी, कोषाध्यक्षमा चुडामणि पुडासैनी सर्वसम्मत चुनिए । सदस्यहरुमा छविलाल पुडासैनी, दामोदर पुडासैनी, कूलप्रसाद पुडासैनी, रामहरि महत, र भक्तबहादुर महत चयन भएका छन् । समूहको सल्लाहकारमा जनकराम पुडासैनी, गंगाप्रसाद पुडासैनी र ऋषिराम पुडासैनी चयन भए ।





## कर्मचारी आवश्यकता

**शुभलक्ष्मी प्रिन्टिङ्ग प्रेस**को लागि कम्प्युटर अपरेटर आवश्यकता परेको हुनाले ईच्छुक महानुभावले सम्पर्क गर्नुहोला ।

**योग्यता:** S.L.C. वा +२ पास गरेको ।

कम्प्युटर In Design चलाउन जान्नेको लागि प्राथमिकता दिइनेछ ।

**तलब:** आपसी समझदारीमा तय गरिनेछ ।

**सम्पर्क:**

९८६५०८९६९२, ०५७-५२४४५५

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**

हेटौंडा-८, कमाने

९८५५०६९०८६ राजेन्द्र ढकाल

## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

## डबल ब्ल्याक खाजा

**स्वादिष्ट परिकारहरू:**

- बफ म:म:, ससेज, चाउमिन र खाजा सेट
- चिकेन म:म:, ससेज, लेगपिस र चाउमिन
- बफ सुकुटी र छोयला
- हल्का पेय पदार्थ
- भेज चाउमिन



**ओपाज** कफि पिउँदा

स्कुटी-१ प्लस मोबाइल र नगद रु.५०,०००।-, २०,०००।-, १०,०००।- ३ जनालाई, रु.५,०००।- ३ जनालाई र रु.३,०००।- ५ जनालाई पुरस्कार ।

**डबल ब्ल्याक खाजा**


हेटौंडा-२, चौकीटोल ९८५५०२८१९६, ९८४५०३०३४३
प्रो. झुलेन्द्र प्रसाद श्रेष्ठ, किशोरकुमार ढुङ्गेल


## www.sajhakuranews.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद

## प्रदेशकै सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता हेटौंडामा

यही फागुन २८ गतेबाट सुरु हुन गइरहेको प्रथम प्रदेश खेलकुद प्रतियोगिता हेर्न क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा जाऔं ।

खेलहरु : फुटवल, भलिवल, क्रिकेट, तेक्वान्दो, कराँते, बक्सिङ, एथलेटिक्स र ब्याडमिन्टन

**सञ्चालन हुने खेलहरु र खेलस्थल**

१. **मकवानपुर:** पुरुष फटुबल- मिति २०७८/११/२९ देखि
तेक्वान्दो: मिति २०७८/१२/०५ देखि
ब्याडमिन्टन: २०७८/११२९ देखि
२. **चितवन:** भलिबल- २०७८/११/३० देखि
क्रिकेट: २०७८/११/३० देखि
३. **सिन्धुपाल्चोक:** कराते- २०७८/१२/०७ देखि
४. **काठमाडौं:** एथलेटिक्स- २०७८/१२/०६ देखि
५. **काभ्रेपलाञ्चोक:** महिला फुटबल- २०७८/१२/०७ देखि
बक्सिङ- २०७८/१२/०९ देखि


**उद्घाटन समारोह स्थान :** क्याम्पडाडा खेल मैदान, पिप्ले हेटौंडा

**समय :** यही फागुन २८ गते अपरान्ह ४ बजे

**उद्घाटन कार्यक्रमको आकर्षण :** राष्ट्रिय कलाकारहरुको प्रस्तुती, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र पहरीको प्रर्दशन, तीन सय बढी विद्यार्थीहरुद्धारा ड्रिल कार्यक्रम तथा आताँशवाजीको मज्जा लिन सकिने ।

**सहभागी जिल्लाहरु:** बागमती प्रदेशका १३ जिल्ला

**आयोजक**
प्रदेश खेलकुद विकास परिषद
बागमती प्रदेश



## खुल्यो ! खुल्यो

**नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै**

लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद

***अब होटल म्याक्समा***

**होटल MAX**

हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना